# लालबन्दी नगरपालिका
# विनियोजन ऐन, २०८०

नगरसभामा पेश भएको मिति : २०८०/०३/१०

**लालबन्दी नगरपालिका**
**लालबन्दी, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

# लालबन्दी नगरपालिकाको विनियोजन ऐन, २०८०

**नगर सभामा पेश भएको मिति : २०८०/०३/१०**

लालबन्दी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावना** : लालबन्दी नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम लालबन्दी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "लालबन्दी नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ। (२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूचीमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. **१३६९४६३०००.००** (अक्षेरूपी रूपैयाँ एक अर्ब, छत्तिस करोड, चौरानब्बे लाख, त्रिसठ्ठी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त लालबन्दी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिने छ । यस अघि चालु आ.ब.मा भएका विनियोजन यसै बमोजिम भएको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ को हकमा सोही बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस विनियोजन ऐन बमोजिमका विवरणहरू यसै साथ संलग्न विभिन्न अनुसूचिहरू हरूमा मा समावेश गरिएको छ ।

(५) विनियोजन ऐनमा स्पष्ट रूपले परिभाषित हुन नसकेका बजेट शिर्षकहरूलाई नगर प्रमुखस्तरिय निर्णयले क्रियाकलापमा विभक्त गर्न सकिनेछ ।

४. यसै ऐन बमोजिम हुने : बार्षिक नीति तथा कार्यक्रम (बजेट) मा भएका घोषणामा उल्लेखित रकम र प्रस्तुत विनियोजन ऐनमा उल्लेखित रकमको सिलिङ र अनुपात फरक पर्न गएमा यसै ऐनमा विनियोजन भए बमोजिम हुनेछ ।

# अनुसूची - १

# लालबन्दी नगरपालिका

## आय- व्यय विवरण, २०८०/०८१

**अ) आगामी आ.व.२०८०/०८१ को लागि देहाय बमोजिमको कूल बजेट अनुमान गरिएको छ :**

| क.सं. | विवरण | आय अनुमान | कैफियत |
|---|---|---|---|
| **क)** | **सशर्त अनुदान(२६३३२)** | | |
| १ | संघीय सशर्त अनुदान (चालु, पुंजिगत) | ३६९२०००००।०० | |
| २ | प्रदेश सशर्त अनुदान | ०।०० | |
| **जम्मा(सशर्त)** | | **३६९२०००००।००** | |
| **ख)** | **समानीकरण अनुदान(२६३३१)** | | |
| १ | संघीय वित्तीय समानीकरणबाट | १५४५०००००।०० | |
| २ | प्रदेश वित्तीय समानीकरणबाट | १३२६४०००।०० | |
| **जम्मा(समानीकरण)** | | **१६७७६४०००।००** | |
| **ग)** | **समपुरक अनुदान(२६३३४)** | | |
| १ | संघीय समपुरक अनुदान | ८००००००।०० | |
| २ | प्रदेश समपुरक अनुदान | २००००००।०० | |
| | **जम्मा समपुरक अनुदान** | **१००००००००।००** | |
| **घ)** | **विशेष अनुदान(२६३३३)** | | |
| १ | संघीय विशेष अनुदान | २५०००००००।०० | |
| २ | प्रदेश विशेष अनुदान | ३००००००।०० | |
| | **जम्मा विशेष अनुदान** | **२८०००००००।००** | |
| **ङ)** | **राजस्व बाँडफाँट** | | |
| १ | केन्द्रीय राजस्व बाँडफाट | १४३९४९०००।०० | |
| २ | प्रदेश राजस्व बाँडफाँट (सवारी) | १२५५००००।०० | |
| **जम्मा(राजश्व बाँडफाँट)** | | **१५६४९९०००।००** | |
| **च)** | **आन्तरिक राजश्व अनुमान** | **११५००००००।००** | |
| **छ)** | **नगद मौज्दात** | **३००००००००।००** | |
| **ज)** | **अन्य अनुदान/कार्यक्रमहरु** | | |
| **१** | **सामाजिक सुरक्षा तथा संरक्षण** | **३२००००००००।००** | |
| **२** | **लागत सहभागिता** | **३००००००००।००** | |
| **३** | **सडक बोर्ड नेपाल** | **८००००००।००** | |
| **४** | **नगर अस्पताल निर्माण अनुदान** | **११००००००००।००** | |
| **५** | **अन्य निकाय/संस्थाबाट प्राप्त हुने कार्यक्रमहरु** | **२५०००००००।००** | |
| **कुल जम्मा** | | **१३६९४६३०००।००** | |

आ) आगामी आ.व. २०८०/०८१ को लागि देहाय बमोजिमको बजेट खर्च अनुमान गरिएको छ :

| क.सं. | विवरण | व्यय अनुमान | कैफियत |
|---|---|---|---|
| क) | **शसर्त बजेट तथा कार्यक्रम तर्फ** | ९००२००००००।०० | |
| १ | संघीय सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु | ३६९२००००००।०० | |
| २ | संघीय समपुरक अनुदान तर्फको कार्यक्रमहरु | ८००००००।०० | |
| ३ | प्रदेश समपुरक अनुदान तर्फको कार्यक्रमहरु | २००००००।०० | |
| ४ | संघीय विशेष अनुदान तर्फका कार्यक्रमहरू | २५००००००।०० | |
| ५ | प्रदेश विशेष अनुदान तर्फका कार्यक्रमहरू | ३००००००।०० | |
| ६ | सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरण | ३२००००००००।०० | |
| ७ | लागत सहभागिता योगदान तर्फ | ३०००००००।०० | |
| ८ | अन्य निकाय/संस्थाबाट प्राप्त हुने कार्यक्रमहरु | २५००००००।०० | |
| | नगर अस्पताल निर्माण | ११००००००००।०० | |
| ९ | सडक बोर्ड नेपाल | ८००००००।०० | |
| | **शसर्त तर्फ जम्मा** | ९००२००००००।०० | |
| ख) | **निशर्त बजेट तथा कार्यक्रम तर्फ** | ४६९२६३०००।०० | |
| १ | चालु खर्च (कार्यालय सञ्चालन तथा प्रशासनिक) | १५००००००००।०० | |
| २ | चालु आ.ब.मा कार्यान्वयन भएका बहुबर्षिय अनिवार्य दायित्व तथा भुक्तानी बाँकी क्रमागत योजनाहरु | ५०००००००।०० | |
| ३ | संघ/ प्रदेशसँग समपुरक तथा अन्य साझेदारि | २५००००००।०० | |
| ४ | सबै वडाबाट सञ्चालन हुने वडास्तरिय योजना तथा कार्यक्रमहरु | १४६५४७०००।०० | |
| ५ | नगर वडा साझेदारि कार्यक्रम | ३४००००००।०० | |
| ६ | बिषय क्षेत्रगत नगरस्तरिय बजेट तथा कार्यक्रम | ६३७१६०००।०० | |
| | **निशर्त जम्मा** | ४६९२६३०००।०० | |
| | **कुल व्यय जम्मा** | १३६९४६३०००।०० | |